स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक



आगामी बैशाख २६ गतेबाट प्रदर्शनको तयारीमा रहेको साहित्यकार इन्द्रबहादुर राईको कथामा आधारित फिल्म "जार"को ट्रेलर सार्वजनिक गरिएको छ । बिहीबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक २ मिनेट लामो ट्रेलरले फिल्मको कथावस्तु जार संस्कृतिमा आधारित रहेको खुलासा गर्छ । भागेर अर्को बिहे गरेकी स्त्रीको दोस्रो पतिलाई पहिलो पतिले जार भन्ने प्रचलन छ ।

**आजको विचार...**



बद्दो....

(दुई पेजमा)

डा. माधव अधिकारी



२०८१ सालमा अभिनेता दयाहाङ राईका ८ फिल्म रिलिज भए । बक्सअफिसको प्राविधिक कारणले "पिताम्बर" यसवर्ष गणना हुनेछैन । एउटै कलाकारका यति धेरै फिल्म एकैवर्षमा प्रदर्शनमा आएका हुन् । प्रदर्शनमा आएकामध्ये ४ फिल्म व्यवसायिकरुपमा सफल रहे भने ३ फिल्म असफल । चलचित्र विकास बोर्डको बक्सअफिस डेटाअनुसार प्रदर्शनमा आएकामध्ये "अञ्जिला" सर्वाधिक कमाउने दयाहाङको फिल्म बन्यो । यो फिल्म यसवर्ष धेरै कमाइ गर्ने शीर्ष १० सूचीको ५ औं स्थानमा छ ।

❒ वर्ष ३० ❒ अंक २५७ ❒ २०८१ चैत ३० गते शनिबार 12 April 2025, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# समृद्धि र विकासको यात्रा रोकिँदैन : प्रधानमन्त्री ओली

**रासस**

**बुटवल, चैत २९**/प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले एमालेलाई कमजोर पारेर समृद्धि र विकासको यात्रा रोक्ने प्रयास सफल नहुने बताएका छन्।

पार्टीको रुपन्देही जिल्ला कमिटीले शुक्रबार बुटवलमा आयोजना गरेको जागरणसभालाई सम्बोधन गर्दै उनले एमालेलाई विभाजनको कोसिस गर्ने देशी-विदेशी प्रतिक्रियावादी तत्वहरू असफल भएको टिप्पणी गरे । अध्यक्ष ओलीले भने, "एमालेलाई सिध्याउँछु, केपी ओलीविनाको एमाले बनाउँछु भन्नेहरु सफल हुँदैनन् । म धेरै बाँच्ने होइन, त्यसपछि पनि मभन्दा बलवान् नेताहरू पार्टीमा आउनेछन् । यस देशको विकासको भाग्यरेखा हामी आफैं कोर्छौं । मान्छेको घरमा आगो लगाएर, पसलबाट चोरेर भाग्नेहरूले क्रान्ति र परिवर्तनका लागि केही गर्न सक्दैनन् ।" उनले राजतन्त्र र पञ्चायतकालमा मुलुकमा कुशासन र अव्यवस्था भएकाले जनताको बलिदानीपूर्ण सैर्षबाट लोकतान्त्रिक गणतन्त्र ल्याइएको र



यसलाई बलियो बनाउन सरकारले आफ्ना सबै प्रयास गरिरहेको बताए । प्रधानमन्त्री ओलीले विगतमा आफ्ना कुशासन र निरङ्कुशताको राज सम्झिएर प्रतिगामी तत्वहरूले यस व्यवस्थालाई बदनाम गर्न अराजकता र अफवाह फैलाउन खोजे पनि त्यसबाट कुनै विचलित नभई समृद्धि र सुशासनको यात्रामा योगदान दिन सबैमा आग्रह गरे । अहिलेको आधुनिक समयमा जन्मसिद्ध श्रेष्ठताको सिद्धान्तका पछि लाग्नु बेकार भएको उल्लेख गर्दै उहाँले लोकतान्त्रिक गणतन्त्रलाई सबल बनाउँदै जनताको समृद्धि र विकासका चाहना पूरा गर्न वर्तमान सरकार कटिबद्ध बताए । प्रधानमन्त्री ओलीले आफू नेतृत्वको सरकारका पालामा लुम्बिनीमा विभिन्न राजमार्ग, अस्पताल, अन्तरराष्ट्रिय सम्मेलन केन्द्र, ध्यान केन्द्र, कृषि उत्पादन क्षेत्रको विकासजस्ता अनेकौं विकास, प्रविधिका योजना र कार्यक्रम ल्याइएको जिकिर गरे । सभामा एमालेका उपाध्यक्ष तथा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले समृद्धि र सुशासनका लागि प्रधानमन्त्री ओलीको नेतृत्वमा भएका राम्रा कामलाई ओझेलमा पार्नेगरी गरिएका गलत प्रचारलाई चिरेर अगाडि बढ्नुपर्नेमा जोड दिए । एमाले सचिव एवं लुम्बिनी प्रदेश इन्चार्ज पद्मा अर्यालले एमाले र पार्टी नेतृत्वले गरेका कामबारे आफूहरू छलफल गर्न तयार रहेको भन्दै विपक्षी र प्रतिगामी पक्षहरूबाट हुने गलत प्रचारको पछि नलाग्न आग्रह गरे । कार्यक्रममा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य, नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीलगायत सहभागी थिए ।

गणतन्त्रको पक्षमा नेकपा एमालेले शुक्रबार बुटवलमा प्रदर्शन गरेको छ । राजावादीहरु सक्रिय भएको भन्दै उनीहरुको विरुद्ध र गणतन्त्रको पक्षमा एमालेले प्रदर्शन गरेको हो । एमालेले चैत २४ देखि ३० गतेसम्म देशका विभिन्न ७ सहरमा प्रदर्शन गर्ने निर्णय गरेको थियो । त्यसै अर्न्तगत बुटवलमा पनि देशको वर्तमान अवस्था जानकारी गराउने र गणतन्त्रका पक्षमा प्रदर्शन गर्ने उद्देश्यसहित कार्यक्रम गरेको हो । सभापूर्व बुटवलबाट भैरहवासम्म मोटरसाइकल र गाडीसहितको र्‍याली निकालिएको थियो ।

## संक्षिप्त समाचार

### असिना पानीका कारण २५ जनाको मृत्यु



**(रासस/सिन्ह्वा)**

**नयाँदिल्ली, चैत २९**/भारतको पूर्वी राज्य बिहारका विभिन्न जिल्लाहरूमा बिहीबार असिना पानीका कारण २५ जनाको मृत्यु भएको बिहारको राज्य सरकारले जनाएको छ ।

बिहारका मुख्यमन्त्री नितिश कुमारले मृतकको परिवारलाई चार लाख भारतीय रुपैयाँ (चार हजार ६४९ अमेरिकी डलर) आर्थिक राहत दिने घोषणा गर्नुभएको छ ।

विगत दुई दिनदेखि बिहार मा पानीजन्य प्रकोपका कारण मृतुकको सङ्ख्या बढिरहेको सरकारले जनाएको छ ।

मौसम विभागले बिहारका १३ जिल्लामा मौसमसम्बन्धी जोखिमको चेतावनी जारी गर्दै आगामी दुई दिनसम्म सजग रहन स्थानीयहरूलाई निर्देशन जारी गरेको छ ।

# दुर्गा प्रसाईं पक्राउ



**पाल्पा, चैत २९**/राजावादीले गरेको हिंसात्मक प्रदर्शनका कमाण्डर दुर्गा प्रसाईं पक्राउ परेका छन् । १५ चैतको प्रदर्शनका नाममा हिंसा भड्काएर फरार भएका उनलाई नेपाल प्रहरीको विशेष ब्युरोले भारतबाट पक्राउ गरेको हो ।

पक्राउ परेका प्रसाईंलाई अनुसन्धानका लागि अदालतले प्रहरीलाई १२ दिनको म्याद दिएको छ । शुक्रबार जिल्ला अदालत काठमाडौंका न्यायाधीश शिशिरराज ढकालको इजलासले राज्यविरुद्धको कसुरमा प्रसाईंमाथि अनुसन्धान गर्न १२ दिनको म्याद दिएको हो । त्यस्तै प्रसाईंसँगै पक्राउ परेका उनका अंगरक्षक दीपक खड्काविरुद्ध पनि १२ दिनको म्याद थप भएको छ । प्रसाईं क्यान्सरको बिरामी भएका कारण अदालतले प्रहरीलाई चिकित्सकको परामर्शमा उपचारको प्रबन्ध गर्न अदालतले आदेश दिएको छ । प्रदर्शनका नाममा हिंसा भड्काएर उनी फरार रहेकोमा बिहीबार प्रहरीको विशेष ब्युरोले भारतमा प्रकाउ गरी शुक्रबार बिहान उनलाई भद्रपुर ल्याएको थियो । त्यसपछि उनलाई जहाजबाट काठमाडौं ल्याइएको हो । चैत १५ गते प्रसाईंले नै भाँडभैलो मच्चाएपछि राजावादीहरूको प्रदर्शन हिंस्रक बनेको थियो ।

# 'तीन तहका सरकारबीच समन्वय नहुँदा कानुन निर्माण र कार्यान्वयनमा समस्या'

**रामचन्द्र रायमाझी**

**पाल्पा, चैत २९**/लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्ती मगरले स्थानीय, प्रदेश र संघीय सरकारबीच समन्वय अभावले आवश्यक कानुन निर्माण तथा भएका कानुन कार्यान्वयनमा समस्या भएको बताएका छन् । रैनादेवी छहरा गाउँपालिकामा प्रदेशसभासँग स्थानीय सभाको कानुन निर्माण सम्बन्धी कार्यक्रम समापनपछि तानसेनमा आयोजित पत्रकार सम्मेलन कार्यक्रममा बोल्दै सभामुख घर्ती यस्तो बताएका हुन् ।




तीन तहका सरकारले बनाएका कानुन आपसमा बाझिएको र कार्यान्वयनमा लैजान नसकिएको उनले बताए । सभामुख घर्तीले प्रदेशका लागि आवश्यक कानुन निर्माणमा सहकार्य गर्न र तीन तहका सरकारबीचका विवाद कम गरी प्रदेश र स्थानीय सरकारबीच समन्वयका लागि प्रदेशसभाले 'स्थानीय सरकारसँग प्रदेशसभा' कार्यक्रम सञ्चालन गरिएको बताए । सभामुख घर्तीले प्रदेशसभाले निर्माण गरेका कानुनहरुका बारेमा कतिपय स्थानीय तहलाई जानकारी नै नभएको उल्लेख गरे ।

स्थानीय तह र प्रदेशबीचका साझा अधिकार सूचीका कानुन निर्माणमा लुम्बिनी प्रदेशसभामा अगाडि भए पनि कार्यान्वयनको पाटो भने कमजोर रहेको उनको भनाइ थियो । स्थानीय सकार र प्रदेशबीच अधिकार बाँडफाँट, राजश्व संकलन लगायतका विषयमा पनि समन्वय अभावले मतभेद रहेको सभामुख घर्तीको भनाई छ ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY

# सम्पादकीय

## मानव अन्तरिक्ष विमान दिवस र यसको सार्थकता

नेपाल सहित विश्वभर आज विभिन्न कार्यक्रम गरी अन्तर्राष्ट्रिय मानव अन्तरिक्ष विमान दिवस मनाइँदै छ । अन्तरिक्षयात्री यूरी गागरीनले सन १९६१ म भोस्तोक १ नामक अन्तरिक्ष विमानबाट पृथ्वीको अर्विटमा चक्कर लगाउन सफल भएका थिए । यही दिनले सबै मानवताको हितका लागि अन्तरिक्ष अन्वेषणको लागि मार्ग खुला पारेको थियो । त्यो सुखद् क्षणलाई हरेकमाझ स्मरण गराउनका लागि हरेक वर्ष अप्रिल १२ मा यो दिवस मनाउने गरिन्छ ।

सन् २०११ को अप्रिल ७ को संयुक्त राष्ट्र संघको महासभाको ६५ औं संस्करणले समेत हरेक वर्षको अप्रिल १२ लाई अन्तर्राष्ट्रिय मानव अन्तरिक्ष विमान दिवसका रूपमा मनाउने निर्णय गरेको थियो । यो निर्णयलाई सबैले सकारात्मक रुपमा लिए र यो दिवस मनाउन थालियो । रुसले यस दिवसलाई 'कसमेनोटिक्स डे'का रूपमा मनाउँदछ भने पूर्व सोभियत संघका कतिपय राज्य र ठाउँहरुमा यस दिनलाई यूरी गागरीनको दिवस भनेर पनि मनाउने चलन छ ।

जे भएपनि यो दिवसको मूल मर्म भनेको मानव अधिकार, स्थायी विकास लक्ष्य प्राप्त गर्न अन्तरिक्ष विज्ञान र प्रविधिको महत्वपूर्ण योगदानलाई विश्वसामु उजागर गर्नु नै हो । यस दिनले मानवको अन्तरिक्ष सपनाको एउटा कोशेढुगांलाई उजागर समेत गरेको छ । अहिलेको युगमा मानिस अन्तरिक्षमा पुग्न सफल हुनुलाई यसको एउटा कडीको रुपमा लिइन्छ । आजको दिनले मानवको अन्तरिक्ष अन्वेषणमा भएका उपलब्धिहरूको चर्चाका साथै चुनौतीहरूको समीक्षा पनि गर्दछ । यसलाई अत्यन्त सकरात्मक रुपमा लिनुपर्छ । आजको प्रविधिलाई सही रुपमा प्रयोग गरी देश र जनताका लागि समर्पित हुन पनि आजको दिनले महत्वपूर्ण भूमिका खेल्दछ । यसर्थ आजको दिनमा मानवको अन्तरिक्ष अन्वेषणमा भएका उपलब्धिहरूका बारेमा चर्चासँगै सम्भावना चुनौतीहरूका विषयमा समिक्षा र छलफल गर्न सकियो भने यो दिवस मनाउनुले सार्थकता प्राप्त गर्दछ ।

### Opinion @ Social Network

प्रेम प्रस्ताव असफल हुन सक्छ, तर एस.एल.सी फेल हुनु भनेको आमाको चप्पलको सफल प्रयोग हो !

*(माया शाहाको फेसबुक स्टाटस https://www.facebook.com/maya.shah5425997)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बढ्दो वायु प्रदूषण र यसका असर



डा. माधव अधिकारी

विश्व बैंकको प्रतिवेदन अनुसार दक्षिण एसियामा वायु प्रदूषणबाट हुने रोगबाट वर्षेनी बीस लाखको मृत्यु हुने गर्दछ । दक्षिण एसियामा वायु प्रदूषणको अवस्था भयावह छ । मुख्य वायु प्रदूषकमा १० माइक्रोनभन्दा साना धूलोको कण-पिएम १०, पि.एम २.५, पि.एम १, सल्फरका अक्साइडहरू, नाइट्रोजनका अक्साइडहरू, कार्बनडाई तथा मोनो अक्साइड, लिड, ओजन, हाइड्रोजन आदि पर्दछन् । यी वायु प्रदूषक फोक्सो हुँदै रक्तसञ्चार प्रणालीमा प्रवेश गरेर मानिसलगायत अन्य जीवित प्राणीमा अस्वस्थ बनाउँछ ।

सोको प्रभावबाट स्वासप्रश्वाससम्बन्धी रोगसँगै फोक्सोको क्यान्सर हुने डब्लुएचओले जनाएको छ । त्यस्तै विश्व बैंकको 'स्ट्राइभिङ फर क्लिन एयर: एयर पोलुसन एण्ड पब्लिक हेल्थ इन साउथ एसिया' अध्ययन प्रतिवेदनमा हावामा वार्षिक औषत पि.एम २.५ को मात्रा ३५ माइग्रोम प्रतिघनमिटरमा पाइएको उल्लेख छ । भारतको लखनउ, कोलकाता, बनारस, नयाँदिल्ली र पट्ना, नेपालको काठमाडौं उपत्यका, बंगलादेशको ढाका, अफगानस्तानको काबुल र पाकिस्तानको इस्लामावादमा वार्षिक रूपमा हावामा धुलोको कणको मात्रामा औषतभन्दा बढी छ । सोअनुसार हावामा पि.एम २.५ को मात्रा धेरै जनसंख्या भएको ठाउँमा २० गुणभन्दा बढी पाइएको छ ।

*सोको प्रभावबाट स्वासप्रश्वाससम्बन्धी रोगसँगै फोक्सोको क्यान्सर हुने डब्लुएचओले जनाएको छ । त्यस्तै विश्व बैंकको 'स्ट्राइभिङ फर क्लिन एयर: एयर पोलुसन एण्ड पब्लिक हेल्थ इन साउथ एसिया' अध्ययन प्रतिवेदनमा हावामा वार्षिक औषत पि.एम २.५ को मात्रा ३५ माइग्रोम प्रतिघनमिटरमा पाइएको उल्लेख छ । भारतको लखनउ, कोलकाता, बनारस, नयाँदिल्ली र पट्ना, नेपालको काठमाडौं उपत्यका, बंगलादेशको ढाका, अफगानस्तानको काबुल र पाकिस्तानको इस्लामावादमा वार्षिक रूपमा हावामा धुलोको कणको मात्रामा औषतभन्दा बढी छ । सोअनुसार हावामा पि.एम २.५ को मात्रा धेरै जनसंख्या भएको ठाउँमा २० गुणभन्दा बढी पाइएको छ । सो प्रतिवेदन अनुसार वायु गुणस्तरका लागि दक्षिण एसियाली मुलुकमा बनाएको नियम पनि प्रभावकारी कार्यान्वयन नभएको जनाएको छ । सो समस्या समाधानका लागि उत्सर्जनमा कटौतीसँगै क्षेत्रीय रुपमा पहल र समन्वयको खाँचो छ । पूर्णरूपमा नीतिगत व्यवस्था कार्यान्वयन गरिए हावामा धुलाको कणको मात्रा चार प्रतिशतले मात्र घट्ने प्रतिवेदनमा उल्लेख छ ।*

सो प्रतिवेदन अनुसार वायु गुणस्तरका लागि दक्षिण एसियाली मुलुकमा बनाएको नियम पनि प्रभावकारी कार्यान्वयन नभएको जनाएको छ । सो समस्या समाधानका लागि उत्सर्जनमा कटौतीसँगै क्षेत्रीय रूपमा पहल र समन्वयको खाँचो छ । पूर्णरूपमा नीतिगत व्यवस्था कार्यान्वयन गरिए हावामा धुलाको कणको मात्रा चार प्रतिशतले मात्र घट्ने प्रतिवेदनमा उल्लेख छ । सन् २०१८ देखि २०३० मा यस क्षेत्रमा धुलोको कणको मात्रा १२ प्रतिशतले बढ्ने प्रक्षेपण गरिएको छ । त्यस्तै, विश्व स्वास्थ्य संगठनका अनुसार वायु प्रदूषणाका कारण नेपालमा हुने मृत्युदरमध्ये ३७ प्रतिशत मस्तिष्कघातबाट हुने मृत्यु, ३४ प्रतिशत मुटुरोगबाट हुने मृत्यु, ३४ प्रतिशत फोक्सोको क्यान्सरबाट हुने मृत्यु र २२ प्रतिशत नवजात शिशु तथा बालबालिकाको मृत्यु हुने गर्दछ । नेपाल बर्डेन अफ डिजिजको पछिल्लो अनुसार वार्षिक १ लाख ९३ हजार ३ सय ३१ जनाको मृत्यु हुने गर्दछ । जसमा सर्वाधिक मुटु तथा रक्तनलीसम्बन्धी रोगबाट ४६ हजार ७ सय ९२, श्वासप्रश्वाससम्बन्धी रोगबाट ४० हजार ७ सय ९२ छ । स्टेट अफ ग्लोबल एअरका अनुसार नेपालमा कुल मृत्युमध्ये १९ प्रतिशत तथा फोक्सो रोगबाट हुने मृत्युमा ६६ प्रतिशत, मुटुको रोगबाट हुने मृत्युमध्ये ३४ प्रतिशत, मस्तिष्कघातबाट हुने मृत्युमध्ये ३७ प्रतिशत, श्वासप्रश्वास प्रणालीको संक्रमणबाट हुने मृत्युमध्ये २२ प्रतिशत छ । प्रदूषण बढ्नुको कारण खाना पकाउने दाउरा, स-साना उद्योगबाट निस्कने उत्सर्जन, इँटा उद्योग, फोहोर व्यवस्थापनमा कमजोरी, बढ्दो सवारीसाधन, प्लाष्टिक जलाउने कार्य, असन्तुलित रूपमा प्रयोग हुने रासायनिक मल, धुलो, जैविक कम्पाउण्ड, डढेलो आदिको कारणबाट वायु प्रदूषण बढ्ने गरेको पाइन्छ । विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार सूचकांक ० देखि ५०लाई राम्रो, सूचकांक ५१ देखि १०० लाई मध्यम, १०१ देखि १५० लाई संवेदनशील समूहका लागि अस्वस्थ मानिन्छ । त्यस्तै, सूचकांक १५१ देखि २०० लाई अस्वस्थ र २०१ देखि ३०० लाई धेरै अस्वस्थ मान्दै सबैजनालाई हानिकारक मानिन्छ । सूचकांक ३ सयभन्दा माथिलाई विपद् वा आपत्कालीन अवस्था मानिन्छ ।

वायु प्रदूषणको कारणबाट ज्येष्ठ नागरिक, बालबच्चा, गर्भवती महिला, दीर्घरोगी र मुटुका रोगी जस्ता मानिस बढी प्रभावित हुन्छन् । वायु प्रदूषणका कारण खासगरी फोक्सोको क्यान्सर, मुटुको रोग, फोक्सोको रोग, दम, निमोनिया, मस्तिष्कघात आदि रोग लाग्ने गर्दछ । साथै, बालबालिकामा रोग प्रतिरोधात्मक क्षमता घट्ने, स्मरण शक्तिमा ह्रास आउने, पाचन प्रणालीमा असर गर्दछ । त्यस्तै, वायु प्रदूषणले गर्भवती महिला तथा गर्भको शिशुमा असर परी समय नपुगी शिशु जन्मने, गर्भ खेर जाने, कम तौल भएका बच्चा जन्मने जस्ता खतरा देखा पर्दछ ।

हाल नेपाललगायत दक्षिण यसियामा गर्मी बढेसँगै जताततै डढेलो लाग्ने, विभिन्न राजमार्ग तथा सडक निर्माण, डिजेल/पेट्रोल गाडी तथा अन्य विभिन्न कार्यले गर्दा प्रदूषण बढेको छ । विश्वको वायु गुणस्तर मापन गर्ने स्वीटजरल्याण्डको वेबसाइट आइक्यूएयरका अनुसार २०८१ साल चैत १९ गते मंगलबार काठमाडौंको वायु गुणस्तर बिहान १०:४५ देखि ११:४५ मा खतरनाक तह अर्थात् एक्यूआई ३०० पुगी सबैभन्दा बढी प्रदूषित सहरको सूचीमा परेको थियो । विज्ञका अनुसार २०७७ सालपछि अहिलेको वायुको गुणस्तर सबैभन्दा अस्वस्थकर हो । भौगोलिक बनावटका कारण काठमाडौंको वायुप्रदूषण त्यसै उच्च छ । बाक्लो बस्ती, अव्यवस्थित सवारीसाधन, फोहोरमैला, उद्योगधन्दा र विकास निर्माणका कामले प्रदूषण बढाउने गरेको छ । यसको असरले छाती, घाँटी, फोक्सो र नाकसम्बन्धी विभिन्न संक्रमण हुने जोखिम बढ्ने हुन्छ । स्वस्थ व्यक्ति पनि सो कारण हाच्छियुँ हाउने, खोकी लाग्ने, नाकबाट सिँगान बग्ने, घाँटी दुख्ने, टाउको दुख्ने, आँखा पोल्ने, छातीमा संक्रमण हुने गर्दछ । वायु प्रदूषणले छालामा समेत असर पार्ने, समयभन्दा अगाबै बुढ्यौली आउने, चाउरिनु, छालामा दाग लाग्नुलगायत थुपै छालासम्बन्धी समस्या देखुनका तत्काल एलर्जी, छाला रातो हुने, बिमिरा आउने, चिलाउने, घाउ हुने, जलन र संक्रमण हुनसक्ने हुन्छ । एक्जिमाको समस्या हुनेलाई वायु प्रदूषण/तुवाँलोले झन् असर गर्न सक्छ ।

यसको रोकथामका लागि वातावरणमैत्री सवारीसाधन प्रयोग गर्ने, सवारीसाधनको वायु प्रदूषण मापन गरी योग्यमात्र सञ्चालन गर्ने, विद्युतीय सवारीसाधन, वायु प्रदूषण गर्ने कल कारखाना, उद्योग तथा इँटा भट्टामा विद्युतीय ऊर्जाको उपयोग गर्ने, विद्युतीय चुलोको प्रयोग बढाउने, वन डढेलो नियन्त्रण गर्ने, जथाभावी फोहोर नजलाउने, वायु प्रदूषण हुन नदिने, सम्भव भएसम्म घरमै बस्ने, श्वास फेर्न असजिलो, खोकी, छातीमा समस्या, आँखा पोल्नेलगायत समस्या भए स्वास्थकर्मीसँग सम्पर्क गर्ने तथा स्वास्थकर्मीको सल्लाह अनुसार प्रशस्त पानी पिउने, बोटबिरुवा लगाई हावालाई सफा गर्ने, घरबाहिर निस्कँदा गुणस्तरीय मास्क लगाउने, बढी भिडभाड भएको ठाउँमा नजाने, कम प्रदूषित क्षेत्रमा व्यायाम गर्ने, उचित किसिमले फोहोर व्यवस्थापन गर्ने आदि ।

तुवाँलाको स्तर व्यापक रहेसम्म आमव्यक्तिलाई समेत कठिन व्यायामबाट जोगिन सल्लाह दिने, बढ्दो प्रदूषणको अवस्थामा मर्निङ, इभिनिङ वाक, वा घरबाहिर गरिने व्यायामले स्वास्थ्यमा असर गर्ने हुन सक्छ सोबाट जोगिनुपर्दछ । चिकित्सकका अनुसार प्रदूषण बढेको समयमा वातावरणको सम्पर्कमा आउने शरीरको भागलाई सफा पानी वा फेसवासले राम्ररी धुने र मोइस्चराइज वा नरिवलको तेल लगाउनुपर्छ । त्यस्तै समयसमयमा छालालाई मधुरो स्क्रब गर्नाले बाहिरी सतहमा भएको मृत छाला, जम्मा भएको प्रदूषक, रसायनको तह आदि घटाउन सकिन्छ । स्वास्थकर्मीका अनुसार तुवाँलोले आँखा रातो हुने, आँसु आउने, चिलाउने, चिप्रा आउने हुनसक्छ । एलर्जी भएर आँखा जोडले चिलाएमा आँखाको सतहमा चोटपटक भई संक्रमणको खतरा हुनसक्छ । यस्तो प्रदूषणबाट आँखालाई जोगाउन बेलाबेलामा सफा पानीले धुनुपर्दछ ।

अत: वायु प्रदूषणले मानव स्वास्थ्यमा मात्र नभएर जीवजन्तु, वनस्पतिलगायत प्राकृतिक सम्पदा, पुरातात्विक सम्पदा र अन्य भौतिक संशाधनमा समेत क्षति पुगेको छ । प्रदूषण नियन्त्रण र व्यवस्थापनको लागि सम्बन्धित निकायसँग समन्वयको आवश्यक छ । यो अवस्थाबाट बच्न तत्कालीन र दीर्घकालीन स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारले समन्वय गर्दै प्रदूषण जस्तो विपद्लाई अविलम्ब न्यूनीकरण गरी मानव स्वास्थ्यको रक्षा गर्नु आजको आवश्कता हो ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आत्मविश्वास बढ्नेछ। नयाँ काममा सफलता मिल्ने संकेत छ । | **तुला** : धेरै कुरामा ध्यान दिनुपर्ने दिन। योजना बनाउँदा सतर्क रहनुहोस्। |
| **वृष** : पारिवारिक सहयोग पाइनेछ । मनमा शान्ति र सन्तोषको अनुभव हुनेछ। | **वृश्चिक** : नयाँ सम्बन्धको सुरुवात हुन सक्छ। आर्थिक रूपमा लाभदायक दिन । |
| **मिथुन** : काममा चुनौतीहरू आउन सक्छन्। संयमता अपनाउनुहोला । | **धनु** : काममा प्रगति हुनेछ। आत्मबलले समस्या समाधान गर्न सकिनेछ। |
| **कर्कट** : सामाजिक कार्यमा प्रशंसा पाइनेछ। साथीहरूसँग भेटघाट हुनेछ। | **मकर** : धेरै कुरामा व्यस्तता बढ्नेछ। परिश्रमको फल पाउने सम्भावना छ। |
| **सिंह** : पेशा र व्यवसायमा राम्रो अवसर हात लाग्नेछ। आत्मबल बढ्नेछ । | **कुम्भ** : नयाँ काम थाल्न अनुकूल दिन। यात्राबाट लाभ हुने संकेत छ । |
| **कन्या** : दैनिक कार्यहरू सजिलै सम्पादन हुनेछन्। अध्ययनमा प्रगति हुनेछ । | **मीन** : मनमा प्रसन्नता आउनेछ। शुभ समाचार सुन्न पाइनेछ । |

# साहित्य दर्पण

क्लासिक कथा — पारिजात

## साथीको सम्भना

*साथी, पुलिस भनेको भ्रष्टाचार, दुराचार, व्यभिचारलाई दमन गर्न बनाइएको हो तर भ्रष्टाचार, दुराचार, व्यभिचार सधैं जनताबाट हुँदैन सरकारबाट पनि हुन्छ । अँ... धेरैजसो । वाह !ज नता र पुलिस शत्रु रे, खै यहाँ त जति गरे पनि जनता र पुलिस शत्रु ।*

कताकता एउटी केटीको डायरीमा पढेको थिएँ- "मलाई सबैभन्दा बढी घृणा पुलिससँग हुन्छ । यिनीहरू बाटाभरि मात्तिएर, छिल्लिएर अश्लील बोलेर हिँड्छन् । यिनीहरू आफूलाई सरकार सम्भन्छन्, शासक ठान्छन् । जबरस्वाँठ सामन्तीजस्ता हुन्छन् पुलिसहरू । म त्यो बाटो आजभोलि हिँड्दिनँ, कारण त्यहाँ पुलिसको अखडा छ ।"

यसो हेर्छु र विचार गर्छु निकै सृष्ट डायरी हो यो, अचानक मलाई एउटा पुलिस साथीको सम्भना आउँछ । जो जागीर खाएको कैयन् वर्षपछि जमदार भएको थियो साथसाथै अवकाशप्राप्त पनि । अहिले ऊ यहाँ छैन, गरिखाने धुनमा मधेस भरेको छ । गरिखाने धुन यथावत् छ र सधैं रही त रहन्छ । जागीर खाएको लामो अवधिमा यसो भनौं प्रगति गर्न नसकेका दिनहरूमा ऊ आफै निकै बौद्धिक, निकै दार्शनिक, निकै राजनीतिज्ञ जस्तो भएको थियो । भट्टीमा प्राय: हामी सँगै हुन्थ्यौं । एउटा वाक्य ऊ सधैंभरि भन्ने गर्थ्यो अथवा गफ ऊ यसै वाक्यबाट सुरु गर्थ्यो, "साथी, पुलिस भनेको भ्रष्टाचार, दुराचार, व्यभिचारलाई दमन गर्न बनाइएको हो तर भ्रष्टाचार, दुराचार, व्यभिचार सधैं जनताबाट हुँदैन सरकारबाट पनि हुन्छ । अँ... धेरैजसो । वाह !जनता र पुलिस शत्रु रे, खै यहाँ त जति गरे पनि जनता र पुलिस शत्रु ।"

त्यसपछि निधार खुम्च्याएर ऊ हाँस्थ्यो । एक चौथाइ लगाइसकेपछि फेरि बोल्थ्यो, "तपाईंलाई थाहा छ ? मेरो एउटा ग्रेज्युएट साथी छ, ऊ आफ्नो शारीरिक नापतौलबिना कोरा नातावादको नातामा पुलिस इन्सपेक्टरको पदमा छानिएको थियो । उसकी स्वास्नीले थाहा पाइछ... तुरुन्त भनी - सारा साथीहरू क्रान्तिकारी हुन लागिरहेछन् तिमीचाहिने पुलिस इन्सपेक्टर !पछि तिमी साथीहरूलाई समात्दै जेल हाल्नुपर्दा पछुतो नगर्नु नि... अँ ।

पैसा र ओहदाले के गर्छ ? लाछी मोरो स्वास्नीको नोकरजस्तै थियो, तुरुन्त नाउँ भिकिदियो । कहींकहीं त स्वास्नी पनि गजबकी हुन्छे । त्यसपछि ऊ हाँस्थ्यो फेरि । म सम्भन्थें, रक्सीले हो कि हाँसोले हो उसलाई कमभन्दा कम आफ्नो स्थितिभन्दा टाढा लागिरहेछ, नत्र ऊ साँचो पुलिस भए यो भट्टीभित्र कम भ्रष्टाचार चलेको छ ? एउटा कोरा भोटेनी ल्याएको छ साहूले रक्सी बिकाउनलाई गजब राम्री । हिजो त्यसलाई चार जनाले सुताएको थियो, खै यो पुलिसको जमदारले के गर्न सक्यो ? दालमा कालो छ है सरकार !जमदारको के तागत ? बबुरो तातिएको रगतलाई सेलाउन रक्सी चाहिन्छ उसलाई ।

कहिलेकाहीं ऊ त असाध्य पीर पोख्थ्यो । म पनि दिग्दार हुन्थें उसको निम्ति । ऊ भन्थ्यो - हेर्नुस् न मजति दु:ख पाउने मान्छे यो संसारमा को होला र अरू ? मान बढ्ला, पैसा बढ्ला, ठाँटिएर हिँड्न पाउँला, चोर पक्रन पाउँला, पापीको नाश गर्न पाउँला भनी पुलिस भइयो । हरे ! सुन्नेले छाती फुटाउला । सुरुसुरुमा म पुलिसमा भर्ना त भएँ नि, तर के गर्ने ? थाहा छ लगातार चार वर्ष डी. एस. पी. को घरमा दाउरा चिरेर, डी. एस. पी. नीको पेटीकोट धोएर, उनीहरूका छोराछोरीको लातघुस्सा सहेर बिताएँ । कहाँ त देशको सुरक्षा गरौं भनी सुरिएर आएको जवान । हा ! हा ! हा ! "

त्यसपछि ऊ मनग्गे हाँस्छ । सोध्छु, हाँसेर थोरै पार लागिन्छ र यो जीवनमा ? कि यो अवस्थामा ? तर ऊ निस्फिक्री हाँस्छ कसले रोकोस् उसलाई ? एक रात हामीहरूले धेरैबेरसम्म भण्डारखालको जङ्गलमा गफ गरेर बितायौं । एउटा साथीको बिहेमा गएका थियौं, बिसौनी त्यहीं पर्यो फर्केर आउँदा ।

ऊ भन्थ्यो, "यो पन्ध्र दिनभित्रमा ३ पटक विदेशी पाहुनाहरू आइसके । स्वागत गर्न जानै पर्यो । बिहानदेखि भोको, युनिफर्मको रवाफले कति थेग्छ हँ मान्छेको जीवनलाई ? ल विदेशी पाहुना आयो रे मानें मैले, तर अखबारमा कसको तस्वीर निस्कन्छ ? प्रीतिभोज कसले खान्छ ? उपहार कसले ठोक्छ ? पुलिसको जमदारले ? वाहियात ।

हाम्रो जीवनको मूल्य छ केही ? युनिफर्म लगाएर मोडमोडमा उभिँदा सत्य म त यस्तै सोच्छु तर यो भावना देशद्रोही होइन है, तपाईं बुझिहाल्नुहुन्छ नि होइन ?" ऊ अलिकति मदेखि डराउँछ, वास्तवमा मदेखि होइन वातावरणदेखि डराउँछ । बेलाबेला उसको अलिकति भस्किनु निकै रमाइलो लाग्छ मलाई । कहिले आफ्नो कमलो मनको विज्ञापन दिन्थ्यो ऊ र कहिले दु:ख पोख्थ्यो। कहिलेकाहीं हामी आफ्नो सुविधाबारे पनि गफ गर्थ्यौं। ऊ मेरो असुविधाहरूलाई विश्वास नै नगर्ने ।

भन्थ्यो, "पुलिसलाई के सुविधा छ ? फाँटतिर हँसेनीहरू देखे कानमा हात राखेर रसिया गाउनु, त्यसपछि सोध्नु घर कहाँ हो ? माइती कहाँ हो ? यी हँसेनीहरूको पनि मति बिग्रिसकेको छ भाजभोलि, खाकी पोसाक त देख्नै हुँदैन त्यसै छिल्लिन्छन् । अँ, हामीलाई मादल बजाउने सुविधा छ, नाच्ने सुविधा छ, उही पनि ब्यारेकमा बस्दा । म त घरमा जान्छु, स्वास्नी छे । छोरा छ । पार्टी भएको दिन माथिल्लो अफिसरको घरमा चाकरी बजाउन जानुपर्छ ।

वाह ! उनीहरू कति पैसा बगाउँछन् एउटाएउटा पार्टीमा । हप्तामा ३ दिन उनीहरू पार्टीमा नै व्यस्त हुन्छन् । म पनि ख्वाउनलाई खूब सौखिन मान्छे, तर एक साँझ दुई-तीन जना साथीहरूलाई डाकेर ख्वायो कि बजेट... बस कुरै नगर्नोस् । अफिसरलाई पुग्ने हामीलाई नपुग्ने कसरी होला हगि ? तर के गर्ने तलब ओहदा हेरेर पाइन्छ, खटन हेरेर होइन ।" उसको यस्तो कुरा सुन्दा मलाई असाध्य दु:ख लाग्थ्यो । मेरो प्रशस्त सहानुभूति छ ऊप्रति, यसैले कि शोषणको नातामा हामी दुवै जनता हौं । फरक यति हो जतिसुकै असन्तुष्टिहरू भए पनि उसले अनुशासन भोग्नै पर्छ । मलाई पर्दैन । यस मानेमा म एक इन्च सुखी छु ।

तर बेला-मौकामा यस्तो धारणालाई पनि चकनाचूर पारिदिन्थ्यो उसले "उफ् !विद्यार्थीका निम्ति कुनै गुनासो नै नरहोस् न, यस्तो किन हुँदैन हैं ? किन उनीहरूले बाध्य भएर जुलुस निकाल्नुपर्छ ? लाठीचार्ज गर्नुपर्दा जहिले पनि दूधमुखे भुराहरू अघिअघि आइदिन्छन् । म यस्तो सकसमा पर्छु त्यस बेला... ठीक त्यस बेला मलाई सारा युनिफर्म बादर्नी मैयाँको कथामा जस्तै डढाएर एकातिर शुद्ध मान्छे भई भागिदिन मन लाग्छ ।" म जिल्लिन्छु उसका कुरा सुनेर । तर ऊ भन्दै जान्थ्यो, "समय सधैं एकैनास नै छ । पहिले शोभाभगवतीमा मान्छे काट्थ्यो !अब जेलमा पहिले फाँसी दिने त्यसपछि शोभाभगवतीमा लगेर त्यसलाई काटिदिने ।"

त्यसपछि म डराउँथे र भस्कीभस्की बाहिरतिर हेर्थे । कुरा त हाँसो लाग्ने तर हाँस्नै नसकिने । एक दिन डरलाग्दो आवेशमा आएको थियो ऊ । घरीघरी चुनौती दिन्थ्यो कुन्नि कसलाई हो मचाहिं भर्खर मात्र भारतीय पत्रिकामा पढेर आएको एउटा लेख सम्भिरहेको थिएँ- 'आजभोलि कलकत्तामा पुलिस र विद्यार्थी एकअर्काको डरलाग्दो दुश्मन भएका छन् । दुवै थरी एकअर्कालाई प्रतिशोध लिनको निम्ति एकअर्काको ताकमा हुन्छन् ।' त्यो बेला नक्सलाइटको जगजगी थियो त्यहाँ । आवेशमा अरूले केके बोल्यो त्यो मैले सुनिनँ तर उसको अन्तिम कुराले मलाई आकर्षित नगरी छोडेन ।

ऊ मलाई कोट्याएर भनिरहेको थियो आँखाहरूलाई बिरालोले जस्तै बालेर, "जसले बन्दुकको सृजना गर्यो त्यसले बन्दुकको धर्म-निर्धारण गरेर गएको छैन । बन्दुकको अनुशासन हुँदैन, यसलाई जता घुमाए पनि हुन्छ, अत्याचारको मार जता बढी पर्छ ।" त्यसपछि एकातिर ऊ लत्रक लत्रिदियो । पुलिस साथीको सम्भनाले अचानक छोड्छ मलाई रातमा ऐंठनले छोडेजस्तै । म खुरुक्क त्यस केटीको डायरीको पाना च्यातेर खल्तीमा हाल्छु र हिँडिदिन्छु ।

*-साहित्य पोष्ट डटकम*


## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु
  बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग
  नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक
  प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन
  आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
**डिभिजन वन कार्यालय**
तानसेन, पाल्पा


निबन्ध — सदानन्द अभागी

## स्वावलम्बन

बृहत नेपाली शब्दकोशलाई केलाएर हेर्यो भने स्वावलम्बनलाई यसरी परिभाषित गरेको पाइन्छ -' आफ्नै पौरखले आत्मनिर्भर रहने भाव वा अवस्था आफ्नै खुट्टामा उभिने वा आफ्नै भरथेकमा अडने काम ।' आफ्नै खुट्टामा उभिएको जो कोही होस् त्यसलाई स्वावलम्बी भनिन्छ । यसमा मानिसमात्र नभएर राष्ट्रलाई पनि लिन सकिन्छ । जुनव्याक्ति आफ्नो क्षमता र परिश्रमको भरमा आफ्नो खुट्टामा उभिन सक्दछ त्यसलाई स्वावलम्बी भनिन्छ । यसरी नै कुनै देश आफ्नै स्रोतसाधनलाई प्रयोगमा ल्याएर आत्मनिर्भर हुन सक्छ त्यो स्वावलम्बन राष्ट्र मानिन्छ । यसै सन्दर्भलाई आज देशको कृषि उत्पादन क्षमतालाई हेर्दा र हिजोको यथार्थतालाई तुलना गर्दा दन्त्यकथा जस्तो लाग्छ । केही वर्ष अगाडि नेपाल खाद्यान्नमा आत्मनिर्भर थियो र खाद्यान्न निर्यात पनि गर्दथ्यो । शनै शनै हामी निर्यातबाट टाढिदै गयौं र आयाततर्फ अग्रगामी भयौं । हाम्रो स्वावलम्बनमा ह्रास आयो । हाम्रा खेतबारी बाँभिन थाले । अथाह प्राकृतिक स्रोत र साधन, हुँदा हुँदै यिनको सही सदुपयोग गरेर आत्मनिर्भरतातिर लाग्नु भन्दा परनिर्भरताको बाटो समायौ ।

राष्ट्रका शक्ति भनेको युवायुवती हुन् । जुनदेशबाट युवायुवतीहरू पलायन हुँदै जान्छन् त्यो देश स्वावलम्बी बन्नुभन्दा अपाङ्गतिर लम्किन्छ । आज नेपालको अवस्था त्यतैतिर लम्किदै छ । विद्यार्थीहरूले यस देशमा भविष्य छैन भन्छन् । युवायुवतीहरूले रोजगार छैन भन्छन् । भाग्यवादी सोच भएकाले 'बर्म गए कर्म सँगै , नेपाल गए कपालसँगै भन्छन् । यस किसिमका सोचबाट देश कहिले स्वावलम्बनतिर लाग्ला त ? छात्रछात्राहरूको भविष्य कस्ले निर्माण गरिदिन्छ ? मैले त भन्दछु आफ्नो भविष्य अरू कसैले निर्माण गर्दैन । जुन देशमा गए पनि आफ्नु भविष्य आँफै निर्माण गर्ने हो । छात्रछात्रा भविष्य निर्माण गर्न विदेश पलायन हुँदा आफूमात्र नभएर ठूलो धनरासी लिएर गएका छन् । हामी हाम्रै देशमा हाम्रो भविष्यलाई निर्माण गर्न सक्छौ भन्ने आत्मविश्वास गुमाइ सकेका छौं । जहाँ सोच त्यहाँ उपाय भने जस्तै केही गर्नलाई हाम्रो इच्छाशक्तिमा भर पर्दछ । यो इच्छाशक्ति पनि स्वदेशमा बस्न सकेन । विदेशमा गएपछि सम्पूर्ण चीज स्वत पूर्ति हुन्छ भन्ने सोच हाम्रा मनमस्तिष्कमा पसिसक्यो । आखिर सुना चाँदी हीरामति जे भने पनि त्यो पसिना फलेको हो । पसिना नबगाई कहीं केही फल्दैन । पसिना बगाउने थलोको निर्माण गराई दिने दायित्व सरकारको हो । परिश्रमका बलमा / भरमा देशलाई विकास पथमा लम्काउन सक्छौ भन्ने भावनालाई मन र मस्तिष्कमा भरिदिन सक्नु पर्छ । त्यो आज हुन सकेको छैन । हरेक युवा निरास छन् । सरकारले युवायुवती अड्न सक्ने बृहत योजना ल्याएर देशलाई आत्मनिर्भर(स्वालम्बन) तिर लानु भन्दा विदेशमै पठाएर रेमिटेन्सबाट राज्य संचालन गर्ने तर्फ उन्मुख देखियो । यो दीर्घकालिन हुनै सक्दैन । दीर्घकालिन त देशलाई आत्म निर्भर कसरी बनाउन सकिन्छ र युवाशक्तिको पसिना त विदेशमा हैन स्वदेशमा बगाउन लगाउन पर्छ । ज्ञान हाँसिल गर्न पढ्नु पर्छ । हाम्रो शिक्षाले ज्ञानी त बनायो तर रोजगार मूलक सीप सिकाउन सकेन । शैक्षिक वेरोजगारमात्रै सिर्जना गर्यो । उर्जाशील समय पढाइमा नै बित्छ । पढीसकेपछि प्रमाणपत्र लिएर रोजगारको लागि हिड्दै थाक्छ । अध्ययन त यस्तो हुनुपर्छ जति अध्ययन गर्छ त्यसैमा आत्मनिर्भर हुने सीप सिकेर गासबासको जोहो गर्न सकोस् । देशलाई कता लाने, कस्तो बनाउने भन्ने काम राजनीतिको हुन्छ । देशको सर्वतोमुखी विकासको बागडोर भनेकै राजनीति हो । देश र जनतालाई स्वावलम्बन बनाउने काम राजनेतृत्वको हो । राजनेता स्वावलक्बनको भावनाले ओतप्रोत हुनु पर्छरमात्र स्वावलम्बनमा राज्यलाई कसरी लाने भन्ने सोच पलाउँछ । सोच पलाएपछि लक्ष/उद्देश्य तोक्छ । उद्देश्यलाई फलदाई बनाउनको लागि कठिन परिश्रम गर्नु पर्छ तथा कार्यन्वयनमा लानुपर्छ । अनुगमन र मूल्याङ्कन गर्नु पर्ने हुन्छ । यति गर्दा गर्दै कहिले काँही कार्यन्वयन गर्दा असफल हुन सक्छ तर असफल भएँ भनेर निरुत्साही हुने हैन किनकी असफलता नै सफलताकी जननी हुन् । तोकेको लक्ष कसरी असफल भयो त्यसको कारणा पत्ता लगाउनु पर्छ र असफल हुनको कारणा पत्ता लगाएपछि ती कारणलाई सफलता साथ कार्यन्वयनमा लाने निर्णय लिनु पर्छ । निश्चय पनि कुनै पनि कामलाई सफलता हात पार्नको लागि सहज हुँदैन । बुद्धि, विवेकको प्रयोग र परिश्रम गर्नु पर्छ । निरन्तर काममा लाग्नु पर्छ । यो एउटा अध्ययन पनि हो । यसले मानिसलाई निर्णायक मोडमा पुर्याउँछ । कार्यन्वयनमा सफलता हात लाग्यो भने उसको आत्मविश्वास बढ्छ । त्यो काम गर्ने ज्ञानको हाँसिल हुन्छ । जति अनुभव बढ्दै जान्छ, त्यति काममा सफलता हाँसिल हुँदै जान्छ । मानिस स्वावलम्बन बन्न सक्छ । नेपाललाई स्वावलम्बी बनाउनको लागी कसरी बनाउन सकिन्छ भनेर व्रश्न उठाउननै पर्दैन । हामीसँग भएको प्राकृतिक सम्पतिलाई प्रयोग र संरक्षण गरेमात्रै पुग्द छ । गण्डकी, कोशी, कर्णाली, महाकाली जस्ता ठूला र स्याना नदीहरूलाई उपयोगमा ल्याउन सकियो भने भूमिले सिँचाइ पाउँछ । कृषिमा आत्म निर्भर हुन सकिन्छ । पानीबाट विजुली निकालेर बिक्री गर्न सकिन्छ । बिजुली यातायातमा प्रयोग हुन्छ । खाना पकाउनेदेखि विविधतामा विजुली प्रयोगमा आउँछ । यसले पर्यटन विकास गर्न र रोजगारीमा टेवा दिन्छ । अर्को हार्म्रो प्राकृतिक स्रोत भनेको वन हो । 'हरियो वन नेपालको धन ' यो हाम्रो जनजिब्रोको बोली हो । यसको संरक्षणबाट आर्थिक आम्दानी गर्न सकिन्छ । इन्धन र निर्माणमा यसले ठूलो योगदान पुर्याउँछ ।वातावरण र परिस्थितिक संतुलन वनाई राख्छ । सौर्य ऊर्जाको प्रयोगबाट हामीले धेरै काम लिन सक्छौ । कहीं कहीं बत्तीमा प्रयोग गरिए पनि यसको व्यापक प्रयोग गर्न सकिएको छैन । हावा उर्जाबाट पनि धेरै काम गर्न सकिन्छ ।-सुखा हावामा ७८.०८% नाइट्रोजन, २०.९५% अक्सिजन, ०.९३% आर्गन, ०.०४% कार्बन डाइअक्साइड, र अन्य ट्रेस ग्याँसहरूको सानो मात्रा हुन्छ । यति धेरै वायुमण्डलीय नाइट्रोजन बिरुवाको प्रमुख खाद्यतत्त्व भए पनि बिरुवाले लिन सक्ने आवस्थामा हुँदैन । नाइट्रजनलाई केही कोशेबालीले तानेर आफूले खानेर माटोमा मिसाउने काम गर्दछन् । कार्बन, नाइट्रोजन, अक्सिजन र हाइड्रोजन को रसायनिक प्रकृया बाट युरिया बनाइन्छ । नेपाल जस्तो कृषि प्रधान देशमा एउटा पनि मलको कारखाना छैन । प्राकृतिक स्रोतहरूमा खनिज बस्तुहरू देशलाई स्वावलम्वन बनाउनलाई प्रमुख तत्वको रूपमा आउँछन् । कति गाउँका नामहरू त्यहाँ पाइने खनिजतत्वको नाममा राखिएको पाइन्छ जस्तै फलाम खानी , सिसा खानी आदि । पहिला पहिला व्यक्तिहरूले निकालेर प्रयोगा ल्याएको पनि सुनिन्छ । हाल दैलेखमा तेलको उत्खनन् गरिदै छ, । नवलपरासीमा फलाम निकाल्ने हल्ला निकै चल्यो तर हालसम्म व्यवहारमा उतारिएको छैन जस्तो छ । विभिन्न लेख रचनालाई हेर्दा - नेपालमा फलाम, तामा, चुनढुङ्गा, प्राकृतिक ग्याँस, कोइला, सिसा, चुम्बकीय, निकल, संगमरमर र अभ्रक आदि खनिज स्रोतहरू पाइन्छन् भन्ने जानकारी हुन्छ । यिनको उत्खनन् गर्दै गएमा युवाहरूले काम पाउँछन् र देश आत्मनिर्भरतिर लम्कन्छ । मानिस अथवा देश स्वावलम्बन् अवस्थामा पुगेपछि कसैको भर पर्नु पर्दैन । ऊ स्वतन्त्र हुन्छ । क्षिमेकीबाट पनि थिचोमिचो हुँदैन । त्यसो हुँदा आदर्श जीवन बिताउन सकिन्छ । संस्कृतमा भनिएका "पारतन्त्यं महदु:खम् स्वातन्त्र् परमं सुखम् "यी शब्द सहित यो लेखको बीट यहीं मार्दछु ।

*-समकालीन साहित्य डटकम*

### मालपोत कार्यालय तानसेन पाल्पाबाट जारी भएको श्रेस्ता कायम सम्बन्धी ३५ (पैतिस) दिने हकदावी गर्न आउने सार्वजनिक सूचना

पाल्पा जिल्ला साविक गोठादी -७ हाल तिनाउ -३ निवासी पुर्णा थापा मगरले निजको श्रीमान् चेत बहादुर थापा मगरको मिति २०७७/०५/११ गते मृत्यु भएको, मृतक श्रीमान् चेत बहादुर थापा मगरको नाममा दर्ता कायम रहेको पाल्पा जिल्ला साविक गोठादी -७ कि.नं.६९, २४९, २५०, २६७ जग्गाको श्रेष्ता कायम नभएको, ज.ध. पुर्जा हराएको र हालसम्म आफैले हकभोग गर्दै आईरहेकोले उक्त कि.नं.को जग्गा मृतक ज.ध. चेत बहादुर थापा मगरको नाममा श्रेष्ता कायम गरी निवेदक (पूर्णा थापा मगर) को नाममा एकलौटी नामसारी गरी पाउँ भनी निवेदन गरेको सम्बन्धमा उक्त कि.नं. को जग्गामा निवेदकको हकभोग छ वा छैन ? अन्य कोही कसैको हकभोग छ की ? माथि उल्लेखित कि.नं. को जग्गा ज.ध.ले अन्यत्र बेचविखन वा अन्य तरिकाले हकहस्तान्तरण गरेका छन् वा छैनन् ? उक्त कि.नं. को जग्गाको श्रेष्ता कायम हालसम्म किन नगरिएको हो ? ज.ध. पुर्जा हराएको हो वा होईन ? ज.ध.को शेषपछिका हकवाला के कति छन् ? निवेदक बाहेक अन्य हकवाला छन्, छैनन् ? ज.ध.को लालनपालन कसले गरेको हो ? यी निवेदकले गरेको हो, होइन ? ज.ध.को नाम ना.प्र. र मृत्यू दर्तामा चेत बहादुर थापा मगर तथा ज.ध. पुर्जामा चेत बहादुर थापा नाम गरेको व्यक्ति एउटै हुन् वा होइनन् ? मृतक ज.ध. गम्बिर सिं रानाको नाममा उक्त कि.नं. को जग्गा श्रेष्ता कायम गरी निवेदक पुर्णा थापा मगरको नाममा एकलौटी. नामसारी गरिदिंदा अन्य कोही कसैलाई असर पर्छ कि पर्दैन ? उल्लेखित जग्गाहरु मृतकका नाममा श्रेष्ता कायम गरी निवेदकका नाममा एकलौटी नामसारी गरिदिन मिल्छ वा मिल्दैन ? निवेदन मागदावी बमोजिम गरिदिंदा कसैको हकदैयामा असर पर्ने वा श्रेष्ता कायम गरी नामसारी गर्न नमिल्ने भएमा बाटोको म्याद बाहेक ३५ दिन भित्र यस कार्यालयमा सप्रमाण उपस्थित भई निवेदन दिनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। म्यादभित्र दाबी विरोध नपरेमा प्रचलित कानुन बमोजिम मृतक ज.ध.का नाममा श्रेष्ता कायम भई निवेदकका नाममा एकलौटी नामसारी भई जाने र पछि कोही कसैको उजुर बाजुर नलाग्ने व्यहोरा समेत यसै सूचना मार्फत सर्वसाधारण सबैका लागि जानकारी गराईन्छ । इति सम्वत् २०८१ साल चैत्र महिना २९ गते (ने.सं. ११४५, चौलाथ्व चतुदर्शी शुक्रबार ) ०७ रोज शुभम् ।

# मानव अन्तरिक्ष विमान दिवस मनाइँदै




**पाल्पा, चैत २९**/आज अप्रिल १२ अर्थात् अन्तर्राष्ट्रिय मानव अन्तरिक्ष विमान दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइँदै छ । अन्तरिक्षयात्री यूरी गागरीनले सन १९६१ म भोस्तोक १ नामक अन्तरिक्ष विमानबाट पृथ्वीको अर्विटमा चक्कर लगाउन सफल भएको दिनको सम्झनामा अप्रिल १२ मा यो दिवस मनाउँदै आइएको हो ।

सन् २०११ को अप्रिल ७ को संयुक्त राष्ट्र संघको महासभाको ६५औं संस्करणले हरेक वर्ष अप्रिल १२ लाई अन्तर्राष्ट्रिय मानव अन्तरिक्ष विमान दिवसका रूपमा मनाउने निर्णय सदर गरेको थियो ।

रुसले यस दिवसलाई कसमेनोटिक्स डे का रूपमा मनाउँदछ भने पूर्व सोभियत संघका कतिपय राज्य र ठाउँहरुमा यस दिनलाई यूरी गागरीनको दिवस भनेर मनाउने चलन पनि छ ।

आजको दिनले मानव अधिकार, स्थायी विकास लक्ष्य प्राप्त गर्न अन्तरिक्ष विज्ञान र प्रविधिको महत्वपूर्ण योगदानलाई विश्वसामु उजागर गर्दछ । आज अन्तर्राष्ट्रिय स्तरमा अन्तरिक्ष युगको सुरुवात गरेका युरी गागारिनको सम्झना गरिन्छ । युरी गागारिनको त्यो सफलता पछि उनलाई त्यसबेला विभिन्न सम्मानहरू प्रदान गरिएको थियो ।

संयुक्त राष्ट्र संघको अन्तरिक्षको मुद्दा हेर्ने कार्यालयले सबै स्पेस अन्वेषकहरूबाट सन्देशहरूको संकलन गरेर सबै माझ अद्यावधिक जारी गर्दछ । आजको दिनले मानवको अन्तरिक्ष सपनाको एउटा कोशेढुगांलाई उजागर गरेको छ ।

# आज हनुमान जयन्ती मनाइँदै

**पाल्पा, चैत २९**/हनुमानको आज जन्मजयन्ती मनाइँदैछ । चैत्र शुक्ल पूर्णिमाका दिन हरेक वर्ष रामदूत हनुमानको जन्मजयन्ती मनाउने गरिन्छ । सनातन धर्मका अनुयायीले यो मनाउने गर्छन् । चैत्र शुक्ल पूर्णिमाका दिन हनुमानको पूजा आराधना गरेमा बल, बुद्धि र विद्या मिल्ने तथा दु:ख र सङ्कटबाट मुक्ति पाइने विश्वास छ । यस अवसरमा हनुमानढोकास्थित हनुमानको मूर्ति, पशुपतिस्थित हनुमान मन्दिर, गोकर्णेश्वर नगरपालिकामा रहेको पञ्चमुखी हनुमानलगायत देशभरका हनुमान मन्दिरमा पूजा आराधना गरिन्छ । हनुमानढोका दरबारको नासलचोक नजिकै रहेको पञ्चमुखी हनुमान मन्दिरमा भने पुजारीले मात्र पूजा आराधना गर्ने चलन छ । रामायण कथाहरू, पात्रहरू अनि घटनाक्रममा हनुमान सबैभन्दा लोकप्रिय, दयावान अनि शक्तिशाली पात्रका रूपमा देखिन्छन् । रामभक्त अनि बलवान हनुमानलाई बल र शाहसको पर्यायका रूपमा पनि अभिव्यक्त गरिएको पाइन्छ । आज देशभरका हनुमान मूर्ति एवं मन्दिरमा पूजा आराधना गर्नुका साथै शोभायात्रा निकालिन्छ । पौराणिक कथामा उल्लेख भएअनुसार अञ्जानेरी पर्वतमा



जन्मिएका हनुमानकी आमा अञ्जना एउटी अप्सरा हुन् । जो आफूमाथि परेको श्रापको कारणले पृथ्वी लोकमा बसेकी हुन् । हनुमानका पिता सुमेरु पर्वतका राजा वृहस्पतिका छोरा केशरी हुन् । हनुमानलाई पवन पुत्र पनि भनिन्छ । आमा अञ्जनाले लामो समयसम्म भगवान् शिवको आराधना गरेपछि उनको आराधनाले भगवान् शिव प्रसन्न भए । त्यसपछि शिवले भगवान् वायुलाई आफ्नो पुरुष शक्ति अनि ऊर्जाहरूलाई केन्द्रित गरेर अञ्जनाको गर्भमा भरिदिन भनेपछि हनुमान गर्भमा आएकाले हनुमानलाई वायु पुत्र या पवन पुत्र भनिन्छ ।

## खेलकुद समाचार

# वैशाख ५ गते नेपाल आउने भए कार्लोस



**काठमाडौं, चैत २९**/ब्राजिलियन लेजेण्डरी फुटबलर रोबर्टो कार्लोस २०८२ साल वैशाख ५ गते नेपाल आउने भएका छन् । उनी अहिले भइरहेको नेपाल सुपर लिग (एनएसएल) फुटबलको गेष्टको रुपमा नेपाल आउन लागेका हुन् ।

एनएसएलका आयोजक नेपाल स्पोर्ट्स एण्ड इभेन्ट म्यानेजमेन्ट ( एनएसइएम) ले बिहीबार राति रिलिज जारी गर्दै रोबर्टो कार्लोस् वैशाख ५ गते नेपाल आइपुग्ने जानकारी दिएको छ । 'विश्वप्रसिद्ध ब्राजिली फुटबल खेलाडी रोबर्टो कार्लोस नेपाल सुपर लिग २०२५ को विशेष पाहुना (गेष्ट) को रुपमा सहभागि हुन आगामी १८ अप्रिल (५ बैशाख) मा काठमाडौं आउँदैछन्' रिलिजमा भनिएको छ । आयोजक एनएसइमएका अनुसार रोबर्टो कार्लोस १९ अप्रिल (६ बैशाख) मा दशरथ रंगशालमा हुने एनएसएलको पहिलो क्वालिफायर खेलमा गेष्टको रुपमा रहनेछन् । फुटबल इतिहासकै उतक्ष्ट लेृट-ब्याकमध्ये एक मानिने रोबर्टो कार्लोसले सन् २००२ मा ब्राजिलका लागि फिफा विश्वकप जितेका थिए । उनले क्लबको करियरको अधिकांश समय स्पानिस जायन्ट रियल मड्रिडमा बिताएका थिए । रोबर्टो कार्लोस दुई दिने भ्रमणमा नेपाल आउने लागेका हुन् । क्वालिफायर वानको गेष्ट बाहेक अप्रिल १८ र १९ मा रोबर्टो कार्लोसको सहभागितामा विभिन्न रमाइला कार्यक्रमहरू आयोजना हुने पनि एनएसइएमले जनाएको छ । रोबर्टो कार्लोसको भ्रमण नेपाली फुटबलका लागि ऐतिहासिक अवसर हुने र नेपाली समर्थकहरूलाई एक अन्तर्राष्ट्रिय फुटबलका लेजेण्डसँग प्रत्यक्ष रुपमा साक्षात्कार गर्ने मौका हुने एनएसएल आयोजक एनएसइएमले जनाएको छ ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# सुनको मूल्यले फेरि बनायो ऐतिहासिक रेकर्ड



**पाल्पा, चैत २९**/सुनको मूल्य फेरि लगातार बढ्न थालेको छ । मूल्य एकैदिन तीन हजार नौ सय रुपैयाँ बढेर फेरि ऐतिहासिक रेकर्ड बनाएको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार शुक्रबार तीन हजार नौं सय रुपैयाँले बढेर एक तोलाको सुनको मूल्य १ लाख ८५ हजार पुगेको हो । अघिल्लो दिन बिहीबार एक तोला सुनको मूल्य १ लाख ८१ हजार तीन सय रुपैयाँ कायम भएको थियो । सुनको मूल्य बढेसँगै चाँदीको भाउ पनि बढेको छ । एक तोला चाँदीको मूल्य १ हजार ९ सय ५ रुपैयाँ पुगेको छ । बिहीबार प्रतितोला चाँदी १ हजार ९ सय रुपैयाँमा कारोबार भएको थियो । सुनको भाउ केही दिन भने निरन्तर घटेको थियो । अहिले फेरी बढ्ने क्रम जारी छ । अन्तर्राष्ट्रिय बजारमा एकपछि अर्को उचाइ लिएको सुनले नेपालमा पनि नयाँ कीर्तिमान बनाइरहेको छ । अन्तर्राष्ट्रिय कमोडिटी बजारमा हुने माग र आपूर्तिले सुनको मूल्य निर्धारण हुन्छ ।

जब अन्तर्राष्ट्रिय कमोडिटी बजारमा सुनको माग र आपूर्ति बढी प्रभावित हुन्छ, मूल्य पनि उच्च दरमा घटबढ हुन्छ । यतिबेला अन्तर्राष्ट्रिय बजारमा सीमित आपूर्तिबीच सुनको माग उच्च दरले बढ्दा मूल्यमा असर परिरहेको छ । सुनको मूल्य बढ्दा नेपालबाट बाहिरिने विदेशी मुद्रा बढ्न जान्छ । विदेशी मुद्रा सञ्चिति घटेका बेला यसले नकारात्मक असर पार्न सक्छ ।

# 'तीन तहका सरकारबीच ...

... उनले ऐन कानुन निर्माण गर्दा प्रदेश र स्थानीय तहबीच समन्वय आवश्यक रहेको बताउँदै समन्वय अभावमा ऐन बाझिने र कार्यान्वयनमा समेत कठिनाई हुने हुँदा सहकार्य गरेर जानुको विकल्प नरहेको धारणा व्यक्त गरे । घर्ती भने 'कतिपय अवस्थामा स्थानीय सरकारले निर्माण गरेका कानुन प्रदेश सरकारलाई थाहा छैन, प्रदेश सरकारले बनाएका कानुन स्थानीय सरकारलाई थाहा छैन, कतिपय आवश्यक कानुन नै नबन्दा समस्या छ, यस्तो अवस्थामा सहकार्य गर्नुपर्छ ।' सभामुख घर्तीले स्थानीय सरकारले निर्माण गरेका कानुन प्रदेश सभामा पठाउन र प्रदेशले निर्माण गरेका कानुनमा कहि कतै गाह्रो परेमा जानकारी गराउन स्थानीय सरकारलाई निर्देशन समेत दिएको बताए । उनले प्रदेशमा कानुन निर्माण गरिए पनि संघीय नियमावली नबन्दा समस्या भएको बताए ।

उनले भने 'प्रहरी ऐन, नीजामति कर्मचारी ऐन, शिक्षा ऐन, भूमि ऐन ल्याउँदा मात्रै पनि अहिले धेरै समस्या समाधान हुन्छ ।' सभामुख घर्तीले स्थानीय सरकार बलियो भए मात्र संघीयता संस्थागत हुने बताए । उनले प्रदेश सरकारले बनाएर पठाएका सभा सञ्चालन सम्बन्धी कानुनहरु स्थानीय सरकारलाई नै थाहा नभएकाले प्रदेश सभाले त्यसका विषयमा जानकारी गराउँदै हिडेको उल्लेख गरे ।

सभामुख घर्तीले भने 'सभा ऐन अनुसार स्थानीय सरकारले सभा सञ्चालन गरेकै छैनन् । यसले संघीयता माथि नै प्रश्न खडा गरेको छ । यसका लागि अब हामीले सभा सञ्चालन सम्बन्धी प्रशिक्षण प्रदेशका सबै पालिकामा दिइरहेका छौं ।'

कार्यक्रममा पत्रकारहरुले कानुन निर्माण र कार्यान्वयनमा ध्यान दिन सभामुखलाई आग्रह समेत गरे । प्रदेश सभाले प्रदेशका १२ वटै जिल्लामा कानुन निर्माण र कार्यान्वयका विषयमा सुझाव संकलन गर्दै आएको छ । सभामुखका प्रेस संयोजक रुद्रहरी कुंवरको सञ्चालनमा पत्रकार भेटघाट कार्यक्रम भएको थियो ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई